# चम्पादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**कालिका, ओखलढुंगा**

**कोशी प्रदेश, नेपाल**

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८२/०८३

**प्रस्तुतकर्ता**

नवराज के.सी.

अध्यक्ष

गाउँपालिकाका उपाध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु,

**श्री चम्पादेवी हाम्रो शान "समृद्धिका लागि पूर्वाधार, पर्यटन र कृषि विकास हाम्रो अभियान"** भन्ने नाराका साथ यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै प्रजातन्त्र, गणतन्त्र स्थापना तथा विभिन्न राजनीतिक परिवर्तन साथै संघीयता कार्यन्वयनका लागि महत्वपूर्ण भुमिका खेल्नुहुने सवै राजनीतिक अग्रजहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु। यसै गरी विभिन्न आन्दोलनको क्रममा बेपत्ता हुनु भएका आम वीरवीरंगनाहरुलाई यस गाउँसभाबाट स्मरण गर्न चाहान्छु।

सुन्दर, समुन्नत र समृद्ध चम्पादेवी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध

गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

स्थानीय आवश्यकता र जनचाहनाअनुरुप लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजबाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणका लागि सुशासन, सामाजिक न्याय र समृद्धि सहितको चम्पादेवी गाउँपालिका निर्माण गर्न आ.व. २०८२।८३ को नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिएको छ ।

- गाउँपालिका भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकता परिपूर्ति गर्ने र त्यस्ता क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने ।
- विभिन्न कारणले आय आर्जन गुमाएकाहरुलाई नयाँ रोजगारीको सिर्जना गर्ने तथा छिटो प्रतिफल प्रदान गर्ने उत्पादनलाई जोड दिने ।
- दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत र साना तथा मझौला उद्योगका क्षेत्रमा पुँजी परिचालन गर्ने ।
- सुशासन, पारदर्शिता भन्ने अभिप्रायका साथ आम पालिका बासीलाई छिटो छरितो गुणस्तरीय र परिणाममुखी सेवा प्रदान गर्ने ।
- जलवायु अनुकुलन पर्यावरणीय संरक्षण र विपत व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी कार्यहरु गर्ने ।
- लैंगिक समानता र सामाजिक सुरक्षा कायम गर्दै शिक्षित तथा प्रविधिमैत्री चम्पादेवीबासी सुनिश्चित गर्ने ।
- स्थानीय सहभागिता जुटाई स्वयम सेवा परिचालन गर्ने तथा लाभ लागत विष्लेषणका आधारमा योजना परिचालन गर्ने ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन

२०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७, संघ तथा प्रदेशबाट जारी भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधी, परिपत्र तथा विभिन्न समयमा प्राप्त निर्देशनहरु, गाउँसभाबाट पारीत भएका विभिन्न ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका, चम्पादेवी गाउँपालिकाको आवधिक योजना २०८०, मध्यमकालिन खर्च संरचना,२०८२ जनप्रतिनिधिहरुको हैसियतले विभिन्न कार्यक्रम तथा स्थानहरुमा व्यक्त गरेका प्रतिवद्धता, नागरिक समाजको छलफल देखि वडा स्तर हुदै बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका चरणहरुमा भएका छलफल, विभिन्न संघ सस्था र निजी क्षेत्र, साथै राजनितिक अग्रजहरुबाट प्राप्त सुझाव तथा गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

सभाका सदस्यज्यूहरु,

माथि उल्लेखित नीतिगत उद्देश्य, प्राथमिकता, विधि तथा पद्धतीको आधारमा यस गाउँपालिकाबाट आगामी आर्थिक बर्ष २०८२/०८३ मा कार्यन्वयन गरिने बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास तर्फ

### क. शिक्षा

१. "व्यवहारिक शिक्षा पालिकाको ईच्छा" भन्ने मूल नाराका साथ गुणस्तरीय शिक्षा सूचना प्रविधिको माध्यमबाट अगाडी बढाइने नीति लिइनेछ ।

२. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

३. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

४. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय

तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

७. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

९. "**सूचना प्रविधिमैत्री शैक्षिक गन्तव्य, हाम्रो पहिचान**" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि प्रत्येक माध्यमिक विद्यालयहरुमा आइसिटि ल्यावको सुनिश्चतता गरी प्रविधिमैत्री शिक्षक तथा विद्यार्थि बनाउन गाउँपालिकाले विशेष अनुदानको कार्यक्रम प्रस्तावनाको आधरमा लागू गर्नेछ जसबाट सरोकारवालाहरुले **think globally act locally** को भनाईलाई साकार पार्नेछन् ।

१०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

११. सामुदायिक विधालयका शिक्षक विधार्थी अनुपातलाई मध्यनजर गरी विद्यालय मर्जको नीतिलाई लागू गरी विषयगत दरबन्दी मिलान गरिनेछ

१२. सिटिई भीटी बाट सम्वन्धन प्राप्त प्राविधिक धारबाट पठनपाठन गराइरहेका विधालयहरुलाई थप व्यवस्थित गर्दै अन्य विधालयहरुलाई पनि प्राविधिक शिक्षा तर्फ उन्मुख गराइनेछ ।

१३. निशुल्क वितरण गरिने पाठ्यपुस्तक समयमै वितरण गर्न विशेष जोड दिइनेछ ।

१४. प्रतिस्पर्धी क्षमतावान जनशक्ति निर्माण र विकासको लागि गाउँपालिकाले दश जोड दुई कक्षामा अध्ययनरत तथा सो भन्दा माथिल्लो स्तरमा अध्ययनरत चम्पादेवोबासी विद्यार्थिहरुको लागि लोक सेवा तथा शिक्षक सेवा कक्षा सञ्चालनमा ल्याउनेछ ।

## ख.सांस्कृतिक, धार्मिक तथा पर्यटन

१. श्री चम्पादेवी ककनीलाई विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न आवश्यक पहल गरिनेछ।

२. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संकेतहरु निर्माण गरिनेछ।

३. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

४. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

५. गाँउपालिका भित्र आन्तरिक तथा बाह्य्य पर्यटकलाई आकर्षित गर्न प्याराग्लाइडिङ तथा होमस्टेलाई व्यवस्थित गरी पर्यटन प्रर्बद्धनको विकास गरिनेछ।

६. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्द्धन कार्यलाई अगाडी बढाई पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय नागरिकलाई प्राथामिकता दिईनेछ।

७. प्रदेश सरकार र गाँउपालिकाको साझेदारीमा चम्पादेवी ककनी, कल्पेश्वर महादेव, तीनतले, मालिङ्गे, तालखर्क, पलापु भिमेश्वर, कवासे थुम्का, गोल्मादेवी, थामडाडा, महारुद्रेश्वर, थामचुरी ककनी, बनझाक्री गुफा, चमेरे गुफा लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

८. गाउँपालिका भित्रका उच्च स्थानमा (पार्क, पिकनिक स्पोर्टस, होमस्टे समेतको) विकासका लागि जोड दिईनेछ ।

९. चम्पादेवी १० रानीवनको पोखरी झञ्ज्याङको पोखरीलाई थप व्यवस्थित बनाई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

१०. सुनकोशी नदीदेखि उच्च पहाडको तिर्थस्थल, दोस्रो मानसरोवर दूधकुण्डको बीचमा रहेको धार्मिक तिर्थस्थल श्री चम्पादेवी ककनी मन्दिर तथा कल्पेश्वर महादेव विराट शिवजीको मुर्तिलाई जिल्लाकै नमूना र ठूलो धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न साझेदारी कार्यक्रम मार्फत अघी बढिने छ ।

११. जातीय भेषभुषा, धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धनका लागि पञ्चेवाजा, ढासी नाच, तामाङ सेलो, वालनभजन जस्ता लोपुन्मुख संस्कृतिहरुको जगेर्ना गर्ने नीति ल्याइने छ ।

१२. गाउँपालिकाका विभिन्न मनोरम स्थल, चोक, पोखरी, ढुंगेधारा तथा पानीको मुहानहरुको संरक्षण र सम्बर्द्धन गरी प्राकृतिक सम्पदाको संरक्षण गरिनेछ ।

१३. गाउँपालिका भित्रका विभिन्न मठ मन्दिर, चैत्य, गुम्बाहरुको संरक्षण गरिनेछ।

१४. चम्पादेवी गाउँपालिका वडा नं. ९ स्थीत तामाखानीलाई आवश्यक अनुसन्धानको लागि पहल गरिने छ ।

१५. कोशी प्रदेशकै चम्पादेवी गाउँपालिकामा मात्र बसोबास गर्ने बादी जातीको पूर्ख्यौली पेशा मादल बनाउने पेशालाई थप प्रोत्साहन गर्दै अन्य जीविकोपार्जनका विशेष कार्यक्रमहरु लागु गरिने छ।

## ग. युवा तथा खेलकुद

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२.विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाउने नीति लिइनेछ।

३.वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४.युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५.युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६.“एक वडा, एक व्यायामशाला” को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

७.विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

८.गाउँपालिकालाई सेन्टर फर एक्सिलेन्स तर्फ लग्नको लागि गाउँपालिकाको केन्द्रमा एउटा कबड हल स्थापना गरिनेछ ।

## घ.लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गर्न पहल गरिनेछ।

५. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापनाको नीति लिइनेछ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०. प्रत्येक वडामा वाल क्लव गठन गरी पालिका स्तरीय बाल संजाल स्थापन गरिने छ ।

११. लक्षित वर्गको अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्र सँग सहकार्य गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२. बालविवाह न्युनिकरणका लागि आवश्यक पहल कदमीका विभिन्न कार्यक्रम सञ्चालन गर्दै बालमैत्री स्थानीय शासनको नीति ल्याइने छ ।

१३. लैंगिक हिंसा, यौन हिंसा तथा मानव बेचविखन तथा ओसापसार विरुद्ध सचेतना अभियान चलाइनुका साथै दोषीलाई कार्वाहीको दायारमा ल्याउन आवश्यक पहल गरिने छ ।

१४. जेष्ठ नागरिकहरुको मनोरञ्जन तथा अनुभव आदन प्रदानका लागि दिवा सेवा केन्द्र खोली संचालनमा ल्याइने र केन्द्रमा रहने जेष्ठ नागरिकहरुको नि शुल्क स्वास्थ्य परिक्षण गर्ने नीति ल्याइने छ ।

१५. बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**ङ. स्वास्थ्य**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित मासिकरुपमा स्वास्थ परिक्षण गर्ने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

४. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान छुट सहितको एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

५. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

६. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

९. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत आमा र बच्चाको स्वास्थ्यलाई मध्यनजर गरी एक वार्ड एक बर्थिङ सेन्टर स्थापना गर्न सम्बन्धित सवै पक्षहरुको समन्वयमा क्रमिक रुपमा सवै वडामा सेवा सुचारु गर्दै लगिनेछ।

१०. गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा स्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन पहल गरिनेछ। साथै सामुदायिक स्वास्थ्य इकाई स्थापना भएका वडाहरुमा आवश्यक जनशक्ति तथा औषधीको व्यवस्थापन गराई स्वास्थ्य सेवालाई आम नागरिकको पहुँचमा पुऱ्याइने छ।

११.उमेरको हदको कारण स्वयमसेविका पदबाट अवकाश प्राप्त गर्ने व्यक्तिलाई एकमुष्ट प्रोत्साहन रकम प्रदान गर्ने व्यवस्था र महिला स्वास्थ्य स्वयमसेविकालाई दिईने प्रोत्साहन भत्तालाई अझ व्यवस्थित गरि निरन्तरता दिइनेछ।

१२. प्राणघातक रोग क्यान्सर, मुटुको रोग, मृगौला प्रत्यारोपण र मेरुदण्डको समस्याका विरामीलाई गाउँपालिकाको नियमानुसार सहयोगलाई निरन्तरता दिईनेछ।

१३. नेपाल सरकारले घोषणा गरे अनुसार प्राणघातक दिर्ग रोग क्यान्सर, मृगौला प्रत्यारोपण, मृगौला डाइलसिस र मेरुदण्ड प्यारालाइसिस भएका विरामीहरुको तथ्यांक संकलन गरि अभिलेख राख्नुको साथै उपलब्ध रकम विरामीको घर दैलो सम्म पुऱ्याउने व्यवस्था गरिनेछ।

१४ स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने नि:शुल्क औषधि तथा अन्य सामाग्रीको उचित व्यवस्थापन मिलाइनेछ।

१५ देशका कर्णधार कलिला बालबालिका तथा गर्भवती आमाको स्वास्थ्यलाई मध्यनजर गरी गर्भवति आमालाई पोष्टिक आहारको रुपमा अण्डा वितरण कार्यक्रमलाई पूर्नविचार गरी पोषणका अन्य कार्यक्रमहरु सञ्चालन द्धारा आमा र बच्चाको स्वास्थ्यमा सुदृढ गरिनेछ।

### च. खानेपानी

पलापु खानेपानीको वितरण मार्फत नागरिकको स्वच्छ खानेपानीको मौलिक हक कार्यान्वयन गरिनेछ । साथै खानेपानीको उपभोगलाई पूर्णरुपमा निशुल्क गराई लोक कल्याणकारी सरकारको महसुस गराउन लिफ्टिङको विद्युत महसुल खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

## २. आर्थिक विकास तर्फ

### क. उद्योग

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

६. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुऱ्याइनेछ।

७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न सडक संजालको पहुँच सुनिश्चित गरिनेछ।

## ख.कृषि तथा पशुपंक्षी

१. "किसान दाई उत्पादन देउ मलाई" भन्ने नाराका साथ कृषकले उत्पादन गरेका कृषि उत्पादन सहकारी मार्फत गाउँपालिकाले जिम्मा लिने नीति लिइने छ ।

२. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

३. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। साथै ७० मुरीभन्दा बढि धान उत्पादन गर्ने किसानहरुलाई उत्प्ररित गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणमा आवश्यक पहल गरिनेछ।

६. गाउँपालिका भित्र एक चिस्यान केन्द्र स्थापन गर्न आवश्यक पहल गरिने छ।

७. रासायनिक मल र विषादीको प्रयोगलाई दुरुत्साहीत गरि प्राङगारिक मल र जैविक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहीत गरिने छ

८. कृषकहरुबाट उत्पादीत फलफूल तरकारी तथा अन्य नगदे बालीहरुको बजारीकरणको सहजिकरण गर्न गाउँपालिकाभित्र एउटा विक्रि कक्ष स्थापना गरिने छ।

९. चम्पादेवी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रणालीको विकास गर्न चम्पादेवी गाँउपालिका भु उपयोग नीति अवलम्बन गर्दै यस क्षेत्रमा बसोबास गर्ने युवा, लक्षित वर्ग लगायत सम्पुर्ण नागरिकहरुमा आम्दानीको मुख्य स्रोत कृषिलाई अबलम्बन गराउदै लगिनेछ।

10. मौरीपालन, भेडा तथा बाख्रापालन, माछा पालन र बेमौसमी तरकारी खेतीलाई प्रोत्साहित गरिने छ। व्यवसायिक कृषि फार्मलाई प्रोत्साहित गरिने छ।

11. सम्भाविवत पशु रोगको रोकथाम तथा उपचारलाई प्रभावकारी बनाई पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धाण गरीने छ।

१२. व्यवसायिकरुपमा २० वटा भन्दा बढि गाइभैंसीपालन गर्ने किसान व्यवसायिलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।साथै, २०० वटा भन्दा बढि भेडा बाख्रापालन गर्ने

व्यवसायिहरुलाई हौसला प्रदान गर्न गाउँपालिकाले विशेष प्रोत्साहन गर्नेछ ।

१३. कृषिजन्य उत्पादन सामाग्रीहरु प्रदर्शन गर्न तथा उत्कृष्ट कृषकहरुको सम्मान/पुरस्कृत गर्न कृषि प्रदर्शनी/मेलाको आयोजनाको लागि प्रोत्साहित गरिनेछ।

१४. व्यवसायिक पशुपालन अन्तर्गत बाखापालन, गाई, भैसी, बंगुर पालन कार्यमा संलग्न कृषकहरुलाई तालिम, उन्नत जातका बोका, राँगा वितरणको नीति ल्याई पशुपालन कार्यलाई व्यवसायिक तथा आय आर्जनको मुख्य स्रोतको विकासमा जोड दिइनेछ।

१५. व्यवसायिक फलफूल खेती र व्यवसायिक निजी वन विकास र विस्तारका लागि एक वडा एक नर्सरी स्थापनाको नीति लिइनेछ।

१६. यस गाउँपालिकाभित्रका नागरिकलाई एक घर एक बोधिचित्तको विरुवाको वितरण गरी किसानको आयआर्जको दायरालाई विस्तार गरिनेछ र उत्पादित बोधिचित्तको विरुवाको निकासीलाई गाउँपालिकाले करको दायरामा ल्याउनेछ ।

**ग. सहकारी तथा संघ संस्था**

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

२. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

३. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

४. चम्पादेवी गाउँपालिका क्षेत्रमा रहेका गैर-सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

५. कृषक हित वचत तथा बहुउद्देश्य सहकारी संचालनमा जोड दिई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

### ३.सूचना तथा संचार

१. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

४. गाँउपालिकामा भए गरेका सूचना तथा गतिविधिहरुलाई विद्युतिय माध्यमबाट सम्प्रेसन गरिने नीति अवलम्बनका लागी आवश्य बजेटको व्यवस्था गरिने छ

५. बिकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई संचार माध्यम मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

६. अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गरिनेछ । गाउँपालिका र सबै वडा कार्यालहरुमा इन्टरनेटको व्यवस्था गरिनेछ ।

### ४.न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशनलाई थप व्यवस्थित गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

**५.सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास तर्फ**

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी प्रदेश सरकारको सहकार्यमा नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।
२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।
३. प्रत्येक त्रैमासिक रुपमा आय/व्ययको मास्केवारी गाउँपालिकाको वेवसाइटमा प्रकाशित गरिनेछ।
४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गर्ने नीति लिइनेछ ।

१०. गाउँ प्रहरी कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी पदपूर्ति गर्ने नीति लिइनेछ।

११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१४. गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका कार्यक्रमलाई थप व्यवस्थीत गर्दै लगिने छ ।

१५. पालिका भित्रका विभिन्न विषयका विज्ञहरुको नामावली संकलन गरी विज्ञ समूह निर्माण गरिनेछ र गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गरिनेछ ।

**६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ**

क. **खानेपानी तथा सरसफाई**

१. गाउँपालिकाका सवै क्षेत्रमा स्वच्छ खानेपानीको उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

२. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
८. घर-घरमा पालिएका कुकुरहरुको दिशा पिसाबजन्य फोहोर सम्बन्धित कुकुर धनिले घर भित्रै व्यवस्थापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।
९. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।
१०. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।
११. सुरक्षित खानेपानी व्यवस्थापनका लागि सहि मुल छनौट गरी एक घर एक धारा बृहत खानेपानी परियोजना सम्पन्न भएका ठाउँमा स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको संरक्षण संबर्द्धन गर्न सोही समुदायलाई उत्तरदायी बनाउदै लगिनेछ।

## ख.वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षणमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी बनाइनेछ
७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
८. सार्वजनिक तथा निजी साझेदारीमा फोहोर मैला प्रशोधन केन्द्र निर्माण गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।
९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सम्बेदनशील क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ

## ७.भौतिक पूर्वाधार विकास तर्फ

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा

कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. गाउँपालिका भित्र भु-उपयोग नीति लागू गर्दै जाने नीति लिइनेछ।

८. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

९. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१०. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१३. निर्माणधिन अवस्थामा रहेका गाउपालिका भरिका १० वटै वडा जोडने रिङ्ग रोड सम्पन्न गरी प्रत्येक वडा पुग्ने यातायात सेवा संचालन गरिने छ।

१४. वडा नं. ६ मा रहेको थामडाडा शुसिलपार्क, वडा नं. २ मा रहेको थामडाडालाई गोल्मादेवी पार्क, वडा नं. ५ मा रहेको मालिङ्गे डाडा पार्क, वडा नं ९ को गायन्त्रादेवी पार्क तयार भैसकेको डि पि आर अनुसार निर्माण कार्य संघिय सरकार तथा प्रदेश सरकार सँग साभ्केदारी गरि अगाडी बढाइने छ।

१५. राष्ट्रिय प्रसारण लाइन विस्तारलाई प्रत्येक नागरिकको घरवस्ती सम्म पुऱ्याउन आवश्यक कदम चालिनेछ।

## ८.राजस्व तथा आन्तरिक श्रोत तर्फ

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु**,

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि अवलम्बन गरेको नीति तथा कार्यक्रममा समेटिएका बिषयहरुको कार्यान्वयन गर्न सके मात्र त्यसले सार्थकता पाउछ । राज्यको संघीय अवधारणा अनुरुप गठित ऐतिहासिक स्थानीय सरकार प्रति आम चम्पादेवी गाउँपालिका बासी जनताको विकास र परिवर्तनको उत्कण्ठ इच्छालाई पूरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो। चम्पादेवी गाँउपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरीक सामाज, आम सञ्चारजगत लगायत सम्पुर्ण दिदि बहिनि तथा दाजुभाइहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

प्रस्तुत आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सवै पक्षको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु । यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्धताहरु आगामी बजेटबाट सम्बोधन हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यन्वयनका लागि जनप्रतिनिधि, राजनैतिकदलका प्रतिनिधि, कर्मचारी, निजी क्षेत्र संघ संस्था, बुद्धिजीवि वर्ग, पत्रकार लगायत सबै सरोकारवाला महानुभावहरु सहित सम्पूर्ण गाउँबासीहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**

**१० आषाढ, २०८२**

**नवराज के.सी.**
**गाउँपालिका अध्यक्ष**